बैठक संख्या: ०९
समय: दिउँसो ०१:०० बजे
मिति: २०८१/११/१० गते
ने स: ११४५ सिल्लागा ९ शनिबार
आ.व.२०८१/०८२

आज मिति २०८१ साल फागुन महिनाको १० गते शनिबारका दिन यस बराहताल गाउँपालिकाका अध्यक्ष श्री भिम बहादुर भण्डारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका गाउँ कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका निर्णयहरु पारित गरियो ।

उपस्थिति:

| सि नं | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भिम बहादुर भण्डारी | अध्यक्ष | |
| २ | श्री लक्ष्मी पुन मगर | उपाध्यक्ष | |
| ३ | श्री बमबहादुर बडुवाल | वडा अध्यक्ष, वडा नं १ | |
| ४ | श्री भिमबहादुर सावद | वडा अध्यक्ष, वडा नं २ | |
| ५ | श्री शेरबहादुर पुन मगर | वडा अध्यक्ष, वडा नं ३ | |
| ६ | श्री वृषबहादुर सिजापती | वडा अध्यक्ष, वडा नं ४ | |
| ७ | श्री धिमराज जोल्मी मगर | वडा अध्यक्ष, वडा नं ५ | |
| ८ | श्री नमराज शर्मा | वडा अध्यक्ष, वडा नं ६ | |
| ९ | श्री कुल बहादुर बुचा | वडा अध्यक्ष, वडा नं ७ | |
| १० | श्री केशर बहादुर कार्की | वडा अध्यक्ष, वडा नं ८ | |
| ११ | श्री युवराज पुलामी मगर | वडा अध्यक्ष, वडा नं ९ | |
| १२ | श्री हरिलाल सलामी | वडा अध्यक्ष, वडा नं १० | |
| १३ | श्री डिला सारु | कार्यपालिका सदस्य | |
| १४ | श्री हरिमाया कामी | कार्यपालिका सदस्य | |
| १५ | श्री टिका बि.सी. | कार्यपालिका सदस्य | |
| १६ | श्री यज्ञ वि.क. | कार्यपालिका सदस्य | |
| १७ | श्री जगत सुनार | कार्यपालिका सदस्य | |
| १८ | श्री तुलसी गुरुङ्ग | कार्यपालिका सदस्य | |
| १९ | श्री प्रेम बहादुर डि.सी. (प्र.प्र.अ.) | सदस्य सचिव | |
| | सहयोगी कर्मचारीहरु | | |
| १ | गोविन्द सिजापति | प्रशासन शाखा प्रमुख | |
| २ | भुपेन्द्र भण्डारी | आर्थिक प्रशासन शाखा | |
| २ | तारा पुन | कार्यालय सहयोगी | |
| (४) | [illegible] | [illegible] | |



CamScanner

**प्रस्तावहरु:**

प्रस्ताव नं १: संघीय समपुरक माग सम्बन्धमा सम्बन्धमा ।

प्रस्ताव नं २: संघीय विशेष योजना माग सम्बन्धमा सम्बन्धमा ।

प्रस्ताव नं ३: प्रदेश समपुरक माग सम्बन्धमा सम्बन्धमा ।

प्रस्ताव नं ४: प्रदेश विशेष योजना माग सम्बन्धमा सम्बन्धमा ।

प्रस्ताव नं ५ : विविध सम्बन्धमा ।

निर्णय नं १ प्रस्ताव नं १ माथी छलफल गर्दा यस गाउँ कार्यपालिकाले आ.व. २०८२/०८३ मा संचालन गर्नको लागि तपसिल बमोजिमका योजनाहरु समपुरक अनुदान सम्बन्धी कार्यविधि,२०८१ बमोजिम राष्ट्रिय योजना आयोगमा माग गर्ने निर्णय गरियो। साथै यसरी समपुरक योजना छनौट भै आएमा कार्यविधिको को दफा ९ तथा अनुसूची ३ बमोजिम निर्धारित प्रतिशतमा रकम साझेदारी गर्ने प्रतिवद्धता गर्ने निर्णय गरियो ।

तपसिल

१. वीरेन्द्रनगर डम्पिङ्ग साइट हुदै बड्डीचौर सडक निर्माण, बराहताल वडा नं १०,८ र ५

२. बड्डीचौर सहरी सडक निर्माण, बराहताल वडा नं ५

३. तेलपानी हर्रेकाँडा कालिआँप हुदै वडा कार्यालय सम्म जोड्ने सडक बराहताल वडा नं १ र ३

निर्णय नं २ प्रस्ताव नं २ माथी छलफल गर्दा यस गाउँ कार्यपालिकाले आ.व. २०८२/०८३ मा संचालन गर्नको लागि तपसिल बमोजिमका योजनाहरु विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१ वमोजिम राष्ट्रिय योजना आयोगमा माग गर्ने निर्णय गरियो।

तपसिल

१. प्रविधि मैत्री पूर्वाधार, क्षमता अभिवृद्धि र समुदाय परिचालनको माध्यमबाट शिक्षामा पहुँच, समावेशीकरण र गुणस्तर सुधार परियोजना, बराहताल गाउँपालिका

२. जन ज्योती आ.वि. घेरवार बराहताल ४

३. जनजागृति मा.वि. दमार घेराबार, बराहताल गाउँपालिका वडा नं ८

निर्णय नं ३ प्रस्ताव नं ३ माथी छलफल गर्दा यस गाउँ कार्यपालिकाले आ.व. २०८२/०८३ मा संचालन गर्नको लागि तपसिल बमोजिमका योजनाहरु कर्णाली प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि,२०८१ वमोजिम राष्ट्रिय योजना आयोगमा माग गर्ने निर्णय गरियो। साथै यसरी समपुरक योजना छनौट भै आएमा कार्यविधिको अनुसूची ४ बमोजिम निर्धारित प्रतिशतमा रकम साझेदारी गर्ने प्रतिवद्धता गर्ने निर्णय गरियो ।



CamScanner

तपसिल

1. गिरिघाट बराहताल पर्यटकीय सडक निर्माण बराहताल गाउँपालिका वडा नं २
2. बराहताल पर्यटकीय पूर्वाधार निर्माण बराहताल गाउँपालिका वडा नं ४
3. कान्नुवारे धू पार्क निर्माण, बराहताल गाउँपालिका वडा नं ७

निर्णय नं ४ प्रस्ताव नं ४ माथी छलफल प्रस्ताव नं २ माथी छलफल गर्दा यस गाउँ कार्यपालिकाले आ.व. २०८२/०८३ मा संचालन गर्नको लागि तपसिल बमोजिमका योजनाहरु विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१ बमोजिम राष्ट्रिय योजना आयोगमा माग गर्ने निर्णय गरियो।

तपसिल

1. स्वास्थ्य गुणस्तर सुधार परियोजना बराहताल गाउँपालिका
2. सरस्वती मा वि घेराइ घेरबार बराहताल गाउँपालिका वडा नं ५
3. बुटी इखेनी सिचाई सोलार लिफ्टिङ सिचाई योजना बराहताल गाउँपालिका ६

निर्णय नं ५ प्रस्ताव नं ५ माथी छलफल गर्दा यस गाउँपालिको सुशासन विकास तथा सेवा प्रवाह सम्बन्धी तपसिल बमोजिमका विविध निर्णय गरियो ।

(क) कर्णाली प्रदेश सरकारबाट आ.व. २०८१।०८२ मा कर्णाली प्रदेश- शसर्त अनुदान पुजिगत तर्फ यस गाउँपालिकालाई प्राप्त जनज्योती आवि. ओदालताल बराहताल - ८ योजनाको शिर्षकमा ठेगाना फरक पर्न गएकोले दुवै वडा कार्यालयबाट प्राप्त सिफारिस बमोजिम उक्त योजनाको ठेगाना संशोधन गरी जनज्योती आवि. ओदालताल, घेराबार, बराहताल-१० बनाउन कर्णाली प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

(ख) बराहताल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा प्राप्त भएका निवेदन बमोजिम तपसिल बमोजिमका विपन्न नागरिकहरुलाई तपसिल बमोजिमको राहत उपलब्ध गराउने निर्णय गरियो ।

1. कविता खड्का बराहताल गाउँपालिका वडा नं ६ रु २००००
2. सावित्री वि.क बराहताल गाउँपालिका वडा नं ६ (आगलागीमा परी जलेको ) रु २००००
3. भविन शाही बराहताल गाउँपालिका वडा नं ८ रु १५०००
4. राम बहादुर जोल्मी मगर बराहताल गाउँपालिका वडा नं ५ (पूर्ण अपाङ्ग भै INF संग साझेदारी गरी थेरापी गर्न)

(ग) यस बराहताल गाउँपालिकालाई नेपाल सरकारबाट विशेष अनुदान मार्फत प्राप्त भएको सरस्वती मा वि भवन निर्माण वडा नं ९ को भवन निर्माणको लागि रु १ करोड ४५ लाख रकम मध्ये ठेक्का आह्वान भइ रु ८८५९८०१।७० मा सम्झौता भै निर्माण कार्य संचालन भएको र सोही विद्यालयमा अन्य निर्माण कार्य समेत गर्नु पर्ने भएकोले ठेक्का गरी बाँकी रहेको रकम पुनः खर्च गर्न अनुमति माग गर्ने निर्णय गरियो ।